जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक


MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ०६ पृष्ठः ४ | २०८२ बैशाख १० गते बुधबार (Wednesday 23 April 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## शपथ खाएको २४ घण्टा नबित्दै मधेस मिडिया काउन्सिलका अध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा


अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८२।०१।०९ गते

**प्रेस विज्ञप्ति**

**विषय: आरोपपत्र दायर गरिएको।**

पचरौता नगरपालिका, बाराले सार्वजनिक खरिद ऐनलाई छलेर विज्ञापन प्रकाशित नगरी आर्थिक अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **पचरौता नगरपालिका, बाराका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्याम प्रसाद यादव र लेखापाल हासिम मियाँ अंसारीले** नगरपालिकाबाट आ.व. २०७७/०७८ मा सञ्चालन भएका ठेक्काहरु क्रमशः ठेक्का नं. 02/2077/78 र ठेक्का नं. 03/2077/78 को बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद ऐन बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा K.S. MULTIPURPOSE Pvt.Ltd. का अध्यक्ष कमल कुमार उपाध्याय समेतको मिलेमतोमा पचरौता नगरपालिकाको ठेक्काको अभिलेखमा राख्ने प्रयोजनार्थ मात्र प्रभाव दैनिक पत्रिकामा एक प्रति मात्र बोलपत्र आह्वानको सूचना प्रकाशित गरी पचरौता नगरपालिकामा पेश गर्न लगाई सोही झुट्टा विवरण सहितको पत्रिकाको आधारमा रु.३,५२,५६०।- रकम K.S. MULTIPURPOSE Pvt. Ltd. लाई भुक्तानी दिएको पुष्टि भएको हुँदा प्रतिवादीहरु **श्याम प्रसाद यादव** र **हासिम मियाँ अंसारी**को उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर भएकोले बिगो रु.३,५२,५६०।- (तीन लाख बाउन्न हजार पाँच सय साठी मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरी बिगो असूल उपर हुन मागदावी लिइएको छ।

**साथै K.S. MULTIPURPOSE Pvt. Ltd. तथा उक्त कम्पनीका अध्यक्ष कमल कुमार उपाध्यायले** पचरौता नगरपालिकाबाट आ.व. ०७७/७८ मा सञ्चालन भएका ठेक्काहरुको बोलपत्र आह्वानको सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन नगरी ठेक्काको प्रयोजनार्थ अभिलेखमा राख्ने गरी एक प्रति मात्र प्रभाव दैनिकमा प्रकाशित गरी रु.३,५२,५६०।- (तीन लाख बाउन्न हजार पाँच सय साठी) भुक्तानी लिएको पुष्टि भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्रतिवादीहरु **K.S. MULTIPURPOSE Pvt. Ltd.** तथा उक्त कम्पनीका अध्यक्ष **कमल कुमार उपाध्याय**लाई मुख्य कसूरदार सरह सजाय गरी बिगो असुल उपर हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडे

बारा, ९ बैशाख। मधेस मिडिया काउन्सिलका अध्यक्ष कमलकुमार उपाध्यायविरुद्ध मुद्दा दायर भएको छ । सोमबार मात्रै शपथ ग्रहण गरेका उपाध्याय भ्रष्टाचार मुद्दामा विशेष अदालतमा मुद्दा दर्ता भएसँगै २४ घण्टा नबित्दै निलम्बन परेका हुन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालले मंगलबार उनीसहित तीन जनामाथि भ्रष्टाचार मुद्दा दायर गरेको हो। सोमबार मात्रै उनलाई मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले पद तथा गोपनीयताको शपथग्रहण गराएका थिए। अख्तियारले उपाध्याय सहित बारा पचरौता नगरपालिका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादव र लेखापाल हासिम मियाँ अन्सारीविरुद्ध ३ लाख ५२ हजार ५ सय ६० रुपैयाँ बिगोसहित मुद्दा विशेष अदालतमा दर्ता गरेको छ।

नगरपालिकाले गरेको टेन्डर विज्ञापन सार्वजनिक खरिद ऐन विपरीत गरेको उनीहरूमाथि आरोप छ। बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद ऐन बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने प्रावधान छ। तर, उपाध्याय अध्यक्ष रहेको केएस मल्टिपर्पस प्रालिबाट प्रभाव दैनिक पत्रिकामा एक प्रति मात्रै पत्रिका प्रकाशन गरेर बोलपत्र आह्वानको सूचना प्रकाशित गरेको अख्तियारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। भुक्तानी दिएको पुष्टि भएपछि तीनै जनामाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर भएकोले बिगोसहित सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम अख्तियारले कैद पनि माग दाबी गरेको छ। मधेस प्रदेशका गृह तथा सञ्चार मन्त्री राजकुमार लेखीले सो विषयमा भर्खरै जानकारी प्राप्त गरेको र छलफल गरिरहेको बताए।

उपाध्याय नेपाल पत्रकार महासंघ बाराका पूर्व अध्यक्ष हुन्। उनले एमालेबाट प्रमुख तथा उपप्रमुख निर्वाचित भएका पालिकाहरूमा तालिम तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन्।

## कट्टुवा पेस्ताल र त्यसमा लाग्ने गोलीसहित दुई भारतीय पक्राउ

सिरहा, ९ बैशाख। सिरहा प्रहरीले कट्टुवा पेस्ताल र त्यसमा लाग्ने एक थान गोलीसहित दुई भारतीय नागरिकलाई नियन्त्रणमा लिएको छ। बरियारपट्टी गाउँपालिका १ बाट भारतको विहार राज्य अन्तर्गत मधुवनी जिल्ला पिपराही ग्रामपञ्चायत २ का धमेन्द्र सिंहका छोरा १९ वर्षिय राजिव सिह र फुलेश्वर सिंहका छोरा १९ वर्षिय प्रिन्स सिंहलाई एक थान पेस्तोल र त्यसमा लाग्ने गोलीसहित सोमबार अपरान्ह नियन्त्रणमा लिएको हो।

कचनारी प्रहरी चौकीबाट खटिएको चेकीङ टोलिले भारततर्फ जाँदै गरेको नम्बर नभको हिरो कम्पनीको चेचिस नम्वर MBLHA11AEE9B23324 भएको मोटरसाइकल चेकजाँच गर्दा प्रिन्स सिंहको साथबाट उक्त कट्टुवापेस्तोल र गोली बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी बीरेन्द्र कुमार पासवानले जानकारी दिए। पक्राउ परेका दुवै जनालाई मंगलबार सिरहा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

## आमाले विष खुवाउँदा तीन छोराछोरीको मृत्यु

धनुषा, ९ बैशाख। धनुषामा आमाले विष खुवाउँदा तीन जना छोराछोरीको मृत्यु भएको छ भने आमा गम्भीर अवस्थामा उपचाररत छिन्। सहिदनगर नगरपालिका–५ स्थित बासुदेवपट्टी बस्ने सुशील साहका ३० वर्षीय श्रीमती बविता साहले आफ्नै छोराछोरीलाई विषादी खुवाएकी हुन्। विष खाएर उनका ६ वर्षीय छोरा आदित्य साह, ४ वर्षीय छोरी आकृति साह र २ वर्षीय छोरी आरुसी साहको मृत्यु भएको प्रहरीले जनाएको छ। विषादी सेवनबाट गम्भीर अवस्थामा पुगेकी बविताको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ। उनको अवस्था गम्भीर भएकाले भेन्टिलेटरमा राखेर उपचार भइरहेको ईलाका प्रहरी कार्यालय यदुकुहाका प्रहरी निरीक्षक ओम प्रकाश यादवले जानकारी दिए।

यादवका अनुसार सोमबार साँझ

**–बाँकी अन्तिम पेजमा**





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्धन गरौं**

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन्। त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन्। यसको संरक्षण र सम्वर्धन गर्नु हामी सबैको दायित्व हो।
त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं। ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं। स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्धन गरौं। हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरूसँग मैत्रीपूर्ण व्यवहार गरौं। पर्यटक हाम्रा पाहुना हुन्। स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

**आगलागीबारे चनाखो बनौं**

- खाना पकाइसकेपछि आगो, ग्याँस,
- चुल्हो, स्टोभ वा हिटर निभाऔं,
- सिलिन्डरको रेगुलटर, पाइप, चुल्होबाट ग्याँस चुहावट (लिक) भएको छ/छैन, ख्याल गरौं,
- पेट्रोललगायत प्रज्वलनशील पदार्थको गन्ध आए बेवास्ता नगरौं,
- सलाई, लाइटरजस्ता वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं,
- गोठमा कुँडो पकाइसकेपछि राम्ररी आगो निभाऔं। जथाभावी आगो नबालौं,
- चुरोट, तमाखु, चिलिम, हुक्का र सुल्फा नखाऔं,
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ्गको नियमित जाँच गरौं,
- घरबस्तीनजिकै पोखरी, ट्याङ्की वा अरू कुनै तरिकाले पानीको जोहो गरौं,
- आगलागी भएमा स्थानीय तह, प्रहरी कार्यालय, दमकल, स्थानीय प्रशासन कार्यालयमा खबर गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## हेलचेक्र्याइँको दोषी को ?

सडकको अवस्थाको रेखदेख गर्ने जिम्मेवारी राज्यका कुनै निकायको भए पनि नेपालका सडकहरू सुरक्षाका दृष्टिबाट 'भगवान' भरोसे छाडिएका हुन्छन्। यसैले नेपालका सडकमा डरलाग्दा सडक दुर्घटनासमेत नियतिका रूपमा लिने गरिएको हुनुपर्छ। नेपालका सडकहरूमा हुने सडक दुर्घटनाहरू अब सामान्य समाचार बन्न थालेका छन् । खराब सडक, थोत्रा सवारीसाधन, लापरवाह चालकजस्ता कारणले त दुर्घटना हुने गरेकै थिए यसपटक सडकमा लत्रिएको तारबाट करेन्ट लागेर ताप्लेजुङको फुङलिङ–१० मा भयावह दुर्घटना भयो। पाथीभरा माईको दर्शनका लागि गएका दर्शनार्थी सवार गाडीमा बिजुलीको तारबाट आगो लाग्दा ४ जनाले ज्यान गुमाए भने २ जना गम्भीर घाइते भए। सडकको बीचमा बिजुलीको पोल ढल्नु र त्यसरी ढल्दा पनि विद्युत् प्रवाह नरोकिनु र दुर्घटना हुनुलाई भवितव्यमात्र मान्न सकिँदैन।

नेपालका सडकमा सामान्यतः यात्रुले सुविधाको अनुगमन हुने गर्दैन। ट्राफिक प्रहरीले गर्ने सवारी 'चेकजाँच' चालकको कागजपत्र र पहिलेकहीं बत्तीहरूको अवस्था जाँच्नमा सीमित हुन्छ। यसैले सडकमा लत्रेको बिजुलीको तारबाट भयावह 'दुर्घटना' हुँदा पनि दोषी को भनेर खुट्याउने र सजाय गर्ने परम्परा छैन। यथार्थमा राज्यको संरचनागत लापरवाहीको कारण यस्ता घटना हुनेगर्छन्। तर, सरकारी कर्मचारीमा भने सडक यात्रा पनि सुरक्षित र सुविधाजनक हुनुपर्छ र त्यसको प्रत्याभूति राज्यले गर्नुपर्छ भन्ने दायित्वबोध नै देखिँदैन। अनि कसरी होस् त सडक सुरक्षित ? सडकको अवस्थाको निगरानी र मर्मतसम्भारको जिम्मा जुनसुकै सरकारी निकायको भए पनि वास्तविकता के हो भने नेपालका सडकहरू आज पनि 'भगवान भरोसा'मै चलेका छन् । नियमन र उत्तरदायित्वको अभावले संस्कृतिले गर्दा नै डरलाग्दा दुर्घटना पनि 'नियति' वा 'भवितव्य' मानिने गरिएको हो।

फुङलिङ दुर्घटना सडकमा ढलेको बिजुलीको पोलमा लत्रिएको तारबाट प्रवाहित बिजुलीका कारण भएको हो। सडकमा बिजुलीको पोल ढलिसकेपछि कतै न कतै त बत्ती गयो नै होला। त्यसको कारण खोजिएको भए सडकमा पोल ढलेको पक्कै थाहा हुनेथियो र तत्काल बिजुली काटेको गाडीमा आगो लाग्ने थिएन। ढलिसकेको पोलमा पनि विद्युत् प्रवाह भइरहनु 'भयावह प्राविधिक कमजोरी' त हो नै हेलचेक्र्याइँजन्य 'अपराध' पनि हो। यसैले कसैलाई दण्डित गर्ने नियत नराखे पनि यसका लागि उत्तरदायी को हो भन्ने किटान गरिनुपर्छ। जनताले चर्को आन्दोलन नगर्दासम्म बेवास्ता गर्ने प्रवृत्ति लोकतान्त्रिक होइन।

फुङलिङको जस्तो दुर्घटना दोहोरिन नदिन सडक विभाग, विद्युत् र ट्राफिक प्रहरीले संयुक्तरूपमा अध्ययन गरेर समाधान पहिल्याउनु उचित हुनेछ। यस्तै लापरवाही दोहोरिइरहेमा जनताको शोक आक्रोशमा परिणत हुनसक्छ। स्थिति धेरै नबिग्रँदै र थप क्षति नहुँदै सरकारले अग्रसरता देखाओस्।

# के भारतमा उत्तर–दक्षिण विभाजनको जोखिम बढ्दै छ ?

**शशी थरूर**

हालैका साताहरूमा भारतीय राजनीति अहिलेसम्म भइनसकेको तर केही वर्षमा हुने नयाँ जनगणनापछि सरकारले संसदीय निर्वाचन क्षेत्रहरूको पुनः सीमाङ्कन गर्ने सम्भावनाबाट तरङ्गित भएको छ। भारतका दक्षिणी राज्यहरूको तर्कअनुसार नयाँ सीमांकनले राजनीतिक शक्तिको सन्तुलनलाई अनुचितरूपमा उत्तरी राज्यहरूमा सार्नेछ। भारतको लोकसभा ( संसदको तल्लो सदन) मा सिटहरू सामान्यतया जनसंख्याअनुसार बाँडिन्छन् – धेरै जनसंख्याको अर्थ सामान्यतया धेरै सिटहरू हुन्छन्। लोकसभामा बहुमत सिट हासिल गर्नेले सरकार बनाउने भएकाले धेरै जनसंख्या ठूलो फाइदा हुनपुग्छ। तर, अनियन्त्रित जनसंख्या वृद्धिले भने समृद्धि र सामाजिक प्रगतिको मूल्य चुकाउनुपर्ने हुन्छ। त्यसैले सन् १९७६ मा भारतले निर्वाचन क्षेत्रको नयाँ सीमाङ्कन प्रक्रिया स्थगित गरेको थियो। यसले राज्यहरूलाई राजनीतिक प्रभावलाई त्याग नगरी जनसंख्या वृद्धि कम गर्न सक्ने आधार दियो। यो स्थगन सुरुमा सन् २००१ सम्मको लागि गरिएको थियो संवैधानिक संशोधनद्वारा बढाइयो र आजका सीमाहरू सन् १९७१ को जनगणनामा आधारित छन्।

यस स्थगनपछि भारतका दक्षिणी राज्यहरूले प्रजनन दरलाई प्रतिस्थापन स्तरमा वा त्योभन्दा तल ल्याएका छन् भने साक्षरता दर, स्वास्थ्य सेवा, मातृ र शिशु मृत्युदर तथा लैङ्गिक समानता लगायतका मानव विकास सूचकहरूमा उल्लेखनीय प्रगति गरेका छन्। उत्तरी राज्यहरूले यी क्षेत्रहरूका साथै जातीय भेदभाव, बेरोजगारी र आर्थिक वृद्धिको सन्दर्भमा प्रगति गर्न नसकेका कारण त्यहाँ जनसंख्या बढिरहेको छ। सीमांकनको स्थगन समय सीमा थियो सन् २०२६ पछिको पहिलो जनगणनासम्म। र सत्तारुढ भारतीय जनता पार्टी ( भाजपा) ले फेरि स्थगन बढाउनुको सट्टा जनगणना गरेर सीमांकन गर्ने इरादा राखेको संकेत गरेको छ। भारतको चुनावी नक्सालाई सोहीअनुसार पुनः कोर्ने नियतले सन् २०२१ पूर्वनिर्धारित जनगणना बारम्बार स्थगित गरिएको छ।

भाजपाले यो न्यायको विषय भएको बताउँछ – "एक व्यक्ति, एक मत, एक मूल्य" को स्थापित सिद्धान्तको अर्थ प्रत्येक सांसदले लगभग समान संख्यामा मानिसहरूको प्रतिनिधित्व गर्नुपर्छ। तिनीहरू के तर्क गर्छन् भने एक सांसदले १८ लाख केरलावासीहरूको प्रतिनिधित्व गर्नु अलोकतान्त्रिक हो किनभने अर्कोले उत्तर प्रदेशमा २७ लाख मतदाताको प्रतिनिधित्व गर्छ। दक्षिणी राज्यका नेताहरूले भने जनसंख्याको आधारमा मात्र प्रतिनिधित्व गर्दा उत्तरी राज्यहरूलाई उच्च जनसंख्या वृद्धिको लागि प्रभावकारीरूपमा पुरस्कृत गर्छ र दक्षिणी राज्यहरूलाई आफ्नो जनसंख्या स्थिर राखेर मानव विकासलाई अगाडि बढाउँदा दण्डित गर्छ भन्ने तर्क दिन्छन्। पहिले नै, दक्षिणी राज्यहरूले केन्द्रीय कर राजस्वको आफ्नो हिस्सा घट्दै गएको देखिरहेका छन्।

समान समाजमा प्रतिनिधित्व निर्धारण गर्न जनसंख्या पर्याप्त हुनसक्छ तर अत्यधिक विविध समाजमा यो अपर्याप्त छ। त्यसैले उदाहरणका लागि संयुक्त राज्य अमेरिकाले प्रत्येक राज्यलाई दुई सिनेट सिटहरू बाँड्छ जनसंख्याको पर्वाह नगरी। त्यसैगरी, युरोपेली संघले साना सदस्य राष्ट्रहरूलाई युरोपेली संसद्मा उनीहरूको जनसंख्याको हिस्साले पाउनेभन्दा बढी सिट दिन्छ जसलाई 'घट्दो अनुपात' भनिन्छ। भारतमा पनि, गोवा, उत्तरपूर्वका साना राज्यहरू, र अण्डमान, दिउ र लक्षद्वीपजस्ता क्षेत्रहरूमा ठूला राज्यहरूको तुलनामा प्रतिव्यक्ति धेरै सांसदहरू छन्। भारतमा भाषा, धर्म, जनसांख्यिकीय विवरण र विकासको स्तरको व्यापक विविधता छ। यसबाहेक, भारतको 'अर्धसंघीय' प्रणालीअन्तर्गत राज्यहरूले आफैँमा केही शक्ति प्रयोग गर्छन्। त्यसैले, समान प्रतिनिधित्व महत्त्वपूर्ण हुँदाहुँदै राज्यको स्वायत्तता र सांस्कृतिक विविधतालाई पनि सम्मान गर्नुपर्छ। यसको अर्थ एउटा समूह (उत्तरका हिन्दी भाषीहरू) ले अरूको आवश्यकता, प्राथमिकता, अनुभव र आकांक्षालाई ध्यान नदिई निर्णय प्रक्रियामा प्रभुत्व कायम गर्न सक्दैन भन्ने सुनिश्चित गर्नु हो।

गृहमन्त्री अमित शाहले दक्षिणी राज्यहरूलाई नयाँ सीमाङ्कनबाट उनीहरूले एउटा पनि सिट नगुमाउने आश्वासन दिएका छन्। तर यसको सीधा अर्थ सरकारले धेरै जनसंख्या भएका उत्तरी राज्यहरूका लागि थप सिटहरू सिर्जना गर्नेछ जहाँ भाजपाको समर्थन केन्द्रित छ। कसैले लोकसभा ५४३ सदस्यबाट बढाएर ७५३ पुग्नसक्ने भविष्यवाणी गरेकाछन् भने अरूले नयाँ संसद् भवनमा ८८८ लोकसभा सांसदहरूका लागि ठाउँ रहेको नमीठो संकेत दिने गर्छन्।

यस्तो भयो भने दक्षिणी राज्यहरूको सापेक्षिक राजनीतिक प्रभाव घट्नेछ र भारतले सामना गरिरहेका सबैभन्दा महत्त्वपूर्ण विषयहरूमा बहसको लागि महत्त्वपूर्ण मञ्च कमजोर हुनेछ। पहिले नै, केही संसदीय बहसमा घट्दो मापदण्डबाट निराश छन्। विस्तारित लोकसभा सरकारका निर्णयहरूलाई अनुमोदनमात्रै गर्ने र अर्थपूर्ण छलफलको लागि उपयोगी नहुने धेरै ठूलो निकाय चिनियाँ जनराजनीतिक परामर्श समितिजस्तो हुनेछ। तमिलनाडुका मुख्यमन्त्री एम.के. स्टालिनको नेतृत्वमा दक्षिण भारतीय राज्यहरूले हालको व्यवस्थालाई थप २५ वर्षको लागि बढाउन माग गर्दै संयुक्त समिति गठन गरेका छन्। तर यो व्यवस्थाले भारतलाई कम लोकतान्त्रिक बनाउँछ किनभने प्रतिनागरिक प्रतिनिधित्व समान हुनेछैन। जनगणनाको आधारमा मात्र संसदीय क्षेत्र निर्धारण सूत्र परिवर्तन गर्नु भारतीय लोकतन्त्रको लागि खराब हुनेछ। विशेषगरी यसले राष्ट्रिय सद्भाव र एकतालाई कमजोर पार्नेछ।

दक्षिणी राज्यहरूले राजनीतिकरूपमा ठगिएको महसुस गरे भने उनीहरूले शक्ति विकेन्द्रीकरण गर्न र राज्यहरूलाई थप स्वायत्तता प्रदान गर्ने संवैधानिक व्यवस्थाहरूको माग गर्न थाल्न सक्छन्। यी आह्वानहरू सुनिएनन् र ध्यान दिइएन भने दक्षिणका केही उग्रवादीहरूले विभाजनको लागि पनि दबाब दिन थाल्न सक्छन्। यो सबैको लागि खराब हुनेछ। किनभने भारत एकताबद्ध रूपमा नै राम्रोसँग काम गर्नसक्छ। उत्तर र दक्षिणलाई एकअर्काको आवश्यकता छ। युवा जनसंख्या भएका उत्तरी राज्यहरूले सबैको हितको लागि औद्योगिक र सामाजिकरूपमा बढी विकसित दक्षिणी राज्यहरूलाई कामदार प्रदान गर्न सक्छन्।

हालको विवादले राज्यहरूको पारस्परिक अन्तरनिर्भरतालाई पुष्टि गर्ने समाधान खोजेर भारतीय एकतालाई पुनः पुष्टि गर्ने र गहिरो बनाउने उत्कृष्ट अवसर प्रदान गरेको छ। सन्तुलन र सहयोगलाई बढावा दिएर उत्तर–दक्षिण तनावलाई कम गर्नु लक्ष्य हुनुपर्छ। यस उद्देश्यका लागि भारतलाई दुवै पक्षबाट थप संवाद र ठूलो राजनेताको आवश्यकता छ।

# अटेरी मधेश सरकार, निरीह संसदीय समिति

**मिनी संसद भनिने संसदीय समितिहरूले मधेश प्रदेश सरकारका विभिन्न मन्त्रालय र निकायलाई दिएका निर्देशनहरू कार्यान्वयन नहुँदा समितिहरू निरीह बन्न पुगेका छन्।**

**शैलेन्द्र महतो**

जनकपुर, ९ बैशाख। मधेश प्रदेशसभा अन्तर्गतको महिला तथा बालबालिका संसदीय समितिले शिक्षा तथा संस्कृति मन्त्रालयअन्तर्गतको शैक्षिक कार्यक्रमको अनुगमन र निरीक्षण गर्ने निर्णय गऱ्यो। यसका लागि २७ मंसिर २०८१ म शिक्षा मन्त्रालयलाई प्राविधिक कर्मचारी उपलब्ध गराउन पत्राचारमार्फत् निर्देशन दियो। तर अहिलेसम्म शिक्षा मन्त्रालयले आवश्यक प्राविधिक कर्मचारी उपलब्ध गराएको छैन, जसकारण समितिले शैक्षिक कार्यक्रमको अनुगमन गर्न सकेको छैन। समिति सभापति रुपाकुमारी यादव भन्छिन्, 'प्राविधिक विना अनुगमन कसरी गर्ने ? शिक्षा मन्त्रालयले प्राविधिक पठाएन, त्यसैले अनुगमन गर्न सकेनौं।'

सोही समितिले एक वर्ष अगाडि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई मधेश प्रदेशका बर्थिङ सेन्टरहरूको अवस्थाबारे विवरण उपलब्ध गराउन निर्देशन दिएको थियो। तर अहिलेसम्म उक्त विवरण स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएको छैन। 'हामीले बर्थिङ सेन्टरको नयाँ बजेट बनाउनका लागि बनेकाहरुको अवस्था बुझ्न चाहेका थियौं। तर स्वास्थ्य मन्त्रालयले विवरण नै उपलब्ध गराएन। केही बर्थिङ सेन्टरहरू सञ्चालन नहुँदा बजेट सदुपयोग हुन सकेको छैन,' उनले भनिन्।




यसै समितिले २५ वैशाख २०८१ मा चार मन्त्रालयलाई पत्राचार गर्दै आर्थिक वर्ष २०८०/८१ को योजना कार्यान्वयनको प्रगति विवरण पठाउन निर्देशन दिएको थियो। तर, श्रम तथा यातायात मन्त्रालय र स्वास्थ्य मन्त्रालयले अहिलेसम्म विवरण उपलब्ध गराएका छैनन्। समिति सभापति यादव भन्छिन्, 'शिक्षा र खेलकुद मन्त्रालयले विवरण उपलब्ध गराए, तर स्वास्थ्य र श्रम मन्त्रालयले अझै विवरण उपलब्ध गराएका छैनन्। हाम्रो निर्देशनको सबैभन्दा बढी बेवास्ता स्वास्थ्य मन्त्रालयले गरेको छ।'

मधेश प्रदेशसभाको कृषि तथा भूमि व्यवस्थापन समितिले १२ वैशाख २०८१ मा गरेको निर्णयअनुसार आर्थिक वर्ष २०८०/८१ मा कृषि विद्युतीकरणका लागि विनियोजित बजेट कार्यान्वयन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिएको थियो। तर हालसम्म मन्त्रालयबाट उक्त निर्णय कार्यान्वयन भयो कि भएन भन्नेबारे जानकारी समितिमा पठाइएको छैन।

निर्देशन कार्यान्वयन नगरेपछि, जवाफको प्रतीक्षामा बसेको समितिले तत्कालीन एकीकृत समाजवादी पार्टीका तर्फबाट मन्त्री रहेका गोबिन्दबहादुर न्यौपानेलाई स्पष्टीकरणका लागि समितिमा बोलाएको थियो। 'उहाँमाथि कारबाही प्रक्रिया सुरु गरिएको थियो, तर त्यसबीच सत्ता समीकरण परिवर्तन भई उहाँ बर्खास्त हुनुभयो' समितिका सभापति सञ्जयकुमार महतोले भने ।

यस्तै, समितिको ३० साउन २०८१ को बैठकले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र कृषि विकास निर्देशनालय जनकपुर अन्तर्गत वागवानी परियोजनाको रकम भुक्तानी सम्बन्धी जय धन्नजय रघवानी जे.भी, जलेश्वर–११ मधेनरीद्वारा दर्ता गराइएको निवेदनको विषयमा वास्तविक अवस्था स्पष्ट पार्न मन्त्रालयलाई सात दिनभित्र जानकारी उपलब्ध गराउन

–बाँकी तीन पेजमा

# सिरहा प्रादेशिक अस्पतालमा चिकित्सकको नियमित सेवाको माग



सिरहा, ९ बैशाख। सदरमुकाम सिरहास्थित प्रादेशिक अस्पतालमा सेवाग्राहीले हैरानी भोग्नुपरेको जनाउँदै स्थानीय जनप्रतिनिधिको अगुवाइमा युवाहरूले तत्काल सुधारको माग गरेका छन्। उनीहरूले अस्पताल परिसरमा भेला भएर सेवा प्रवाह, चिकित्सकको नियमित उपस्थिति, अस्पताल फार्मेसीको औषधि वितरण र मौज्दात विवरण सार्वजनिक गरिनुपर्नेलगायत मागसहित अस्पताल प्रमुखलाई तीनदिने 'अल्टिमेटम' दिँदै १९ बुँदे मागपत्र बुझाएका हुन्।

अस्पताल प्रशासनलाई पटकपटक मौखिक तथा लिखित रूपमा ध्यानाकर्षण गराउँदा पनि अस्पताल प्रशासनले नसुनेका कारणले बाध्य भएर विरोधमा उत्रनुपरेको सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यादवले बताए। "हामीले विगतदेखि अस्पताल सुधारका लागि पटकपटक अस्पताल प्रशासनलाई ध्यानाकर्षण गरायौं", उनले भने, "तर मेडिकल सुपरिटेन्डेन्ट र अस्पताल विकास समितिका अध्यक्षले अस्पतालको गतिविधिमा अनियमितता, बिरामीले पाउनुपर्ने सेवा सुविधा, औषधि खरिद र वितरणमा कैफियत रोकिएन। सेवाग्राहीको गुनासोमात्र निरन्तर आइरहयो।" आफूहरूको माग सम्बोधन नभए तीन दिनपछि अझ सशक्त विरोधका कार्यक्रम सार्वजनिक गरिने उनले जानकारी दिए।

मागपत्रमा पछिल्लो तीन आर्थिक वर्षमा अस्पतालबाट खरिद गरिएका औषधिको हिसाब, बिरामीलाई वितरण भएको औषधिको विवरण, म्याद सकिएका औषधि, खरिद गरिएका प्रयोगशालाका सामानको हिसाब विवरण सार्वजनिक गर्न आग्रह गरिएको छ। त्यसैगरी, आमा सुरक्षा कार्यक्रम, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र ( ओसिएमसी)मार्फत सेवा लिएका बिरामीको विवरण र भएको खर्च, अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीको नामावली र नियुक्तिसँग सम्बन्धित कागजात, अस्पतालका विभिन्न उपकरण खरिद बिक्रीमा रकम हिनामिना भएको जनाउँदै हरहिसाब मागिएको छ।

अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीको तलबभत्ता हरेक महिना दिने व्यवस्था गर्नुपर्ने, अस्पतालमा कार्यरत हरेक कर्मचारीको ड्रेस कोडको व्यवस्था हुनुपर्ने, सरसफाइ तथा सम्पूर्ण कर्मचारीको नामावली र समयतालिकासहित सूचनापाटीमा टाँस्नुपर्ने माग गरेका छन्। मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले ४ वैशाखको राति अस्पताल अनुगमन गरेर फर्किएको चौथो दिन स्थानीय युवाहरूले अस्पताल सुधारको माग गर्दै तीनदिने अल्टिमेटमसहित मागपत्र बुझाएका हुन्। मुख्यमन्त्रीले अनुगमनका नाममा अस्पतालको भौतिक पूर्वाधार, रजिस्ट्रारलगायत सम्बन्धित कागजातमात्र हेरेर फर्किएको गुनासो युवाहरूले गरेका छन्।

## *अटेरी मधेश...*

निर्देशन दिएको थियो। तर मन्त्रालयले अहिलेसम्म जवाफ पठाएको छैन।

यसबारे सभापति महतोले मन्त्रालयबाट लिखित जवाफ नआएको र अख्तियारले सम्बन्धित सबै फाइल उठाएर लगेपछि समितिलाई मौखिक जानकारी मात्र प्राप्त भएको बताए। प्रदेशसभाको प्राकृतिक स्रोत, साधन तथा वातावरण समितिको अवस्था पनि फरक छैन। समितिले २४ मंसिर २०८० को बैठकबाट मधेश प्रदेशका गरीब तथा विपन्न वर्गका नागरिकलाई शीतलहरको समयमा सहज रूपमा काठ, दाउरा उपलब्ध गराउने विषयमा वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको थियो। समितिले लिखित रूपमा मन्त्रालयलाई पत्र पठाए पनि त्यसको कार्यान्वयन भयो कि भएन भन्नेबारे मन्त्रालयले हालसम्म कुनै जानकारी नदिएको सभापति शारदा पहाडीले बताइन्।

'मन्त्रालयले लिखित रूपमा जानकारी पठाएको छैन। तत्कालीन मन्त्रीसँग कुरा गर्दा 'कार्यान्वयन हुँदैछ' भन्नु भएको थियो। भयो कि भएन थप हामी बुझ्न सकेनौं। लिखित जवाफ आएन' सभापति पहाडीले भनिन्। उनका अनुसार, गत साउन महिनामा नदीनालाको जोखिममा रहेका बस्तीहरूको निरीक्षण समितिले गरेको थियो। निरीक्षणको आधारमा सरकारलाई ती जोखिमयुक्त क्षेत्रलाई सुरक्षित पार्न निर्देशन दिइएको थियो। तर, त्यसको कार्यान्वयनको अवस्था हालसम्म समितिलाई जानकारी प्राप्त नभएको उनले बताइन्।

मधेश प्रदेशसभाका सातवटै संसदीय समितिहरुको अवस्था करिब–करिब उस्तै छ। संसदीय समितिले दिएको निर्देशनको पालना भएको छैन।

**मधेश सरकारबाट थारू भाषालाई बाइपास, हिन्दीलाई काँध**

संसदीय समिति मिनी सांसद हो। तर सरकार र त्यसका निकायहरुले समितिलाई अटेर गर्ने गरेको समिति सभापतिहरुको गुनासो छ। विगतको पञ्चवर्षीय योजनाकालमा संसदीय समितिका काम सीमित र प्रभावकारी नहुँदा अहिलेका समितिहरुलाई सरकारले बोझ ठान्ने गरेको कृषि समितिका सभापति महतोको तर्क छ।

'पहिले कार्यकालमा समितिहरु नाममामात्र सीमित हुँदा अहिलेको समितिलाई सरकारले बोझ ठानिरहेको छ, अनावश्यक हस्तक्षेप गर्छ भनेर। सरकारको सोँच त्यस्तो देखिन्छ' उनले भने। तर समितिहरुले प्रभावकारी काम गर्दा विकृतिहरु पनि न्यूनीकरण भएर जाने उनको भनाइ छ। प्राकृतिक तथा स्रोत साधन समितिकी सभापति शारदा पहाडी समितिका सदस्य एवम् प्रदेशसभा सांसदहरुले पनि कामकर्तव्यप्रति चासो नदिएको गुनासो गर्छिन्। 'सरकार त बेवास्ता गर्छ नै। समितिका माननीयहरुलाई पनि चासो छैन। क्षमतावान माननीयहरु बैठकमा रेगुलर आइदिनुहुन्न' सभापति पहाडीले भनिन्।

सरकार संसदप्रति उत्तरदायी नरहेको र संसदीय समितिले निगरानी गर्छ भन्ने हेक्का समेत सरकारलाई नहुँदा यो अवस्था आएको महिला बालबालिका समितिकी सभापति रुपाकुमारी यादवको गुनासो छ। राजनीतिक विश्लेषक तुलानारायण साहले केन्द्रमा समेत संसदीय समितिहरु प्रभावशाली नबनेका बेला प्रदेशमा पनि त्यस्तो अवस्था हुनु स्वाभाविक रहेको बताउँछन्। 'केन्द्रमा पनि यस्तै रोग छ। प्रदेशमा त झन् नयाँ प्रणालीको अभ्यास छ, प्रभावशाली नहुनु स्वभाविकै हो,' उनले भने।

सरकार संसदप्रति उत्तरदायी भए स्वतः जनताप्रति पनि उत्तरदायी बन्ने उनको विश्लेषण छ। 'संसदीय समिति मिनी संसद हो। सरकारको नेतृत्व परिपक्व नभएमा संसदीय समितिलाई बेवास्ता गर्छन्। परिपक्व भयो भने संसदीय समितिहरुको प्रभावकारिता पनि बढ्छ। सरकार सदन र जनताप्रति उत्तरदायी हुनुपर्छ' उनी भन्छन्।

# जलैबाला जलैत रहतै, रेखाके रिक्सा चलैत रहतै'

**विद्यानन्द राम**



राजविराज, ८ बैशाख। बोदेबरसाइन चोकैमा उभिएको छ, एउटा ई रिक्सा। त्यसैमा छिन्, २९ वर्षीया रेखाकुमारी यादव। धेरैले उनलाई यात्रु सम्झिन्छन्। तर उनी त यो रिक्साकी मालिक र चालक दुवै हुन्। ई–रिक्सा नम्बर प्र १–०१–००२ ह ४५५७। यसको रुट हो, बोदेबरसाइनबाट सदरमुकाम राजविराज। अनि सदरमुकामबाट फेरि फर्केर बोदेबरसाइन। हरेक बिहान रेखाकुमारी सप्तरीको खडक नगरपालिका–११ बनौलीबाट ई–रिक्सा लिएर आफ्नो रुटमा आइपुग्छिन्। अनि सुरु हुन्छ, उनको दैनिक कर्म। वडा प्रहरी कार्यालय छेवैको स्ट्यान्डमा ई–रिक्सा रोकेर उनी यात्रु खोज्न सुरु गर्छिन्। कत जेबै ? याउ न बैठु न, अहाँ कत जेबै भाइजी ? कनिकालमे खुल्तै रिक्सा,' यताउता नजर दौडाउँदै स्वर तिखो पार्दै उनी यात्रु बोलाउँदै भन्छिन्, हौ भैया, रिक्सा खुइल रहल छै, आबु न, आउ न दिदी।'

यसरी जम्मा पारेका यात्रुलाई गन्तव्यमा पुऱ्याएर भाडा बुझेपछि उनी हँसिलो अनुहारमा यात्रुलाई भन्ने गर्छिन्, हमरे रिक्सामे बैठब, बरसाइनमे हम बिहान १० बजे सब दिन चैल आबै चियै।' अर्थात् मेरै रिक्सामा बस्नुहोला, म सधैं १० बजे बरसाइन बजार आइपुग्छु। सडकमा रिक्सा लिएर निस्कनुअघि रेखाकुमारीले अनेक चरणमा साहस बटुल्नुपरेको थियो। किनकि मधेशमा महिलालाई घरबाहिर निस्कनु अझै पनि त्यति सजिलो छैन। त्यसैमाथि पुरुषहरुकै दबदबा रहेको यातायात क्षेत्रको काम गर्न त सानोतिनो आँट नै बटुल्नुपर्छ। बनौली गाउँ माइती भएकी रेखाको १० वर्षअघि नै सिरहाको सखुवा सिम्राहामा सामाजिक परम्पराअनुसार विवाह भएको थियो। बोदेबरसाइनस्थित चन्द्रा नमुना माध्यमिक विद्यालयमा कक्षा १२ मै अध्ययनरत रहँदा विवाह गरेकी उनको वैवाहिक जीवन ७/८ वर्षसम्म राम्रै चल्यो। पति अर्की महिलासँग लागेपछि धेरै दुःख र यातना दिन्थ्यो,' उनले पुराना दिन सम्झिँदै भनिन्, पति नै आफ्नो हुन सकेनन्, अनि कानुनी बाटो अपनाउन बाध्य भएँ, बहुविवाहको मुद्दामा उनी (पति) कानुनअनुसार भोग्दै छन्।' महिनौसम्म मानसिक तथा शारीरिक यातना सहेकी उनीलाई के गरुँ, कहाँ जाउँ, जीवन कसरी धान्ने चिन्ताले सताइरहन्थ्यो। यही अप्ठ्यारोका बीच यस्तो अवस्थामा पतिले पनि घरमा बस्न नदिएपछि दुई सन्तान बोकेर माइती (बनौली) फर्किइन्। उनीसँग आम्दानीको कुनै स्रोत थिएन। हातमा सीप थिएन। तर स–सना दुई छोरा हुर्काउने दायित्व भने उनको एक्लो काँधमा थियो।

१२ कक्षा पढ्दापढ्दै बिहे भएर पढाइ नछुटेको भए आफूले केही गर्न सक्थैं कि भन्ने पछुतो पनि उनलाई भयो। केही जागिर गर्नका लागि पनि उनीसँग नागरिकता थिएन। पतिको घर छाडेकाले उनलाई नागरिकता बनाउन सजिलो भएन। भनिन्छन्, धेरै दिनसमम प्रहरी र प्रशासन धाएर नागरिकता बनाएँ।' नागरिकता बने पनि उनले तत्कालै रोजगारी पाइनन्। यही अप्ठ्यारोका बेला उनलाई सानी आमाकी छोरी अन्जुले जागिर खानुभन्दा आफ्नै खुट्टामा उभिन सल्लाह दिइन्। अन्जुकै सल्लाहपछि उनले धरान गएर ई–रिक्सा चलाउने तालिम लिइन्। ई–रिक्सा चलाउने निधो गरे पनि उनीसँग रिक्सा किन्ने पैसा थिएन। बुवाको अवस्था पनि त्यस्तै थियो। अनेकतिर पैँचो–सापटी मागेर उनले २ लाख ५० हजारमा ई–रिक्सा किन्न भ्याइन्। सिटी चलाउन के सुरु गरैं, पाइलैपिच्छे कुरा काट्ने भेटिन्थे तर रिक्सा चलाउन पछि हटिनँ,' उनले थपिन्, हाम्रो समाजमा छोरीलाई रिक्सा चलाउनु नौलो थियो नि त, प्रोत्साहनभन्दा पनि कुरा काट्ने जमात बढी हुन्थ्यो, बिस्तारै कुरा काट्नेहरु पनि हराउँदै गए।'

उनका १० वर्षीय छोरा कक्षा ६ र ८ वर्षीय छोरा कक्षा २ मा पढ्छन्। दुवैलाई स्कुल पठाउने तयारीमा उनी बिहानैदेखि जुटनुपर्छ। खाना बनाउनेदेखि घरको सारा काम भ्याईवरी रिक्सा लिएर सडकमा आइपुग्दा १० बज्छ। कम्तीमा ४/५ जना यात्रु पाएपछि राजविराज आइहाल्छु अनि त्यति नै संख्यामा यात्रु बोकेर यहाँबाट फर्किन्छु,' उनले थपिन्, २–३ पटक ओहारदोहोर गर्दा हजारदेखि १५ सयसम्म भइहाल्छ, खुसी छु।' साँझ ७ बजेतिर उनी ई–रिक्सा कुदाएर घर फर्किन्छिन्। अनि सन्तानसँगै रमाउँछिन्। आफूले पढ्न नपाए पनि छोराहरुलाई पढाएर असल र सक्षम व्यक्ति बनाउने उनको संक ल्प छ। श्रीमान्बिना महिलाले केही गर्नै नसकिने होइन तर असल श्रीमान्को साथ र सहयोगले पारिवारिक जिन्दगी चलाउन सहज हुन्छ,' उनले थपिन्, मेरो

–बाँकी अन्तिम पेजमा

छोरासरह छोरीलाई स्कूल पठाऔं। सभ्य आमाबुवाको परिचय दिऔं।

# कक्षा १२ को परीक्षा वैशाख २१ गतेदेखि हुने




काठमाडौं, ९ बैशाख। कक्षा १२ को परीक्षा आगामी वैशाख २१ गतेबाट हुने भएको छ। बिहीबारदेखि सञ्चालन हुने परीक्षा आगामी वैशाख २१ गतेबाट गर्ने निर्णय भएको परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए। यद्यपि बोर्डले परीक्षाको तालिका भने भोलि मात्रै सार्वजनिक गर्नेछ। बोर्डको बैठक बसेर परीक्षाको तालिका तय गर्ने निर्णय भएको स्रोतले बताएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले पर्सि ११ गतेबाट सुरु हुने परीक्षा केही दिन सार्न निर्देशन दिएका थिए। सोही अनुसार परीक्षा बोर्डले केहीबेरमा परीक्षा सर्ने जानकारी गराउँदै सूचना निकाल्दैछ।

शिक्षकहरूको आन्दोलनका कारण कक्षा १२ को परीक्षा स्थगित गरिएको हो। मंगलबार साँझ बालुवाटारमा आफूलाई भेट्न पुगेका परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा र शिक्षा सचिव दीपक काफ्लेलाई प्रधानमन्त्री ओलीले केहीदिन परीक्षा सार्न निर्देशन दिएका थिए। यसअघि परीक्षा बोर्डले तोकिएको समय पर्सि ११ गते नै परीक्षा गर्ने निर्णय गरेको थियो। तर सबै संयन्त्र प्रयोग गरेर भएपनि परीक्षा गर्ने तयारीमा बोर्ड थियो।

# भारतका मन्त्री खट्टर दुई दिने नेपाल भ्रमणमा

काठमाडौं, ९ बैशाख। भारतका विद्युत् आवास तथा शहरी मामिलामन्त्री मनोहरलाल खट्टर नेपाल आउनुभएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको निमन्त्रणामा दुई दिने भ्रमणका लागि नेपाल आउनुभएको मन्त्री खट्टरलाई ऊर्जा मन्त्रालय र काठमाण्डैको भारतीय दूतावासका अधिकारीहरूले स्वागत गरेका छन्। गएको वर्ष माघमा भारत भ्रमणका क्रममा मन्त्री खड्काले खट्टरलाई नेपाल भ्रमणको निम्तो दिनुभएको थियो। मन्त्री खट्टरले आज दिउँसो भारत सरकारको सहयोगमा निर्माण सम्पन्न कोशी कोरिडेर २२० केभी प्रसारण लाइन अन्तर्गत इनरुवा-वसन्तपुर-बानेश्वर-तुम्लिङटार प्रसारण लाइन तथा २२०/१३२/३३ केभी तुम्लिङटार सबस्टेशन, २२०/३३ केभी बानेश्वर सबस्टेशन र २२०/१३२/३३ केभी वसन्तपुर सबस्टेशनको संयुक्त रूपमा संखुवासभाको तुम्लिङटार सबस्टेशनमा उद्घाटन गर्ने कार्यक्रम रहेको छ। उहाँले भारतीय लगानीमा निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजनाको पावर हाउस तथा बाँध क्षेत्रको अवलोकन गर्ने कार्यक्रम छ।

यस्तै दुई देशले संयुक्त रूपमा निर्माण गर्न लागेको प्रसारण लाइन निर्माणका लागि स्थापना गरिएको कम्पनीको सम्झौतापत्रमा पनि हस्ताक्षर हुने कार्यक्रम रहेको छ। नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेशन इन्डियाबीच दुई अन्तर्देशीय प्रसारण लाइन निर्माणका लागि समझदारीपत्रमा पनि हस्ताक्षर हुने ऊर्जा मन्त्रालयले जनाएको छ।

# हात्ती धपाउन जाग्राम



सर्लाही, ९ बैशाख। सर्लाहीको हरिपुर र हरिवन नगरपालिकाका किसान हात्ती धपाउन रातभर जाग्राम बस्न थालेका छन्। जंगली हात्ती आएर घोगा लागेको मकै खाने र कुल्चिएर नष्ट गर्न थालेपछि किसान मकै जोगाउन रातभर खेतमै जाग्राम बस्न थालेका हुन्। हरिपुर नगरपालिका-१, हजार बिघा, हरिपुर नगरपालिका-२, सखुवामौजा र सानो जगतपुर तथा हरिवन नगरपालिका-५, घुर्कौली क्षेत्रमा तीन वटा जंगली हात्तीले किसानको मकै बालीमा क्षति पुऱ्याइरहेका छन्। दिनभर नजिकैको जानकीनगर साझेदारी वन र सागरनाथ वन विकास परियोजनाको जंगल क्षेत्रमा बस्ने हात्तीले रात परेपछि किसानको खेतमा आएर मकैमा क्षति पुऱ्याउने गरेका छन्। हरिवन-५, घुर्कौलीका किसान टेकबहादुर घिसिङले हात्तीले मकै सखाप पार्न थालेपछि तीन रातदेखि गाउँका २०/२५ जनाको समूह बनाएर मकै रुँगने काम गरिरहेको जानकारी दिए।

दिनभर काम गर्ने किसानलाई रातभर सुत्दै नसुति जाग्राम बस्न मुस्किल परेको उनको भनाइ छ। घिसिङले भने, "सोमबार बिहान २ बजेसम्म हात्ती रुँगेर बस्यौं तर ४ बजेतिर आएर मकै खाइदियो। मुखैमा आएको बाली यसरी हात्ती आएर सखाप पारिदिँदा रोएर बसिरहेका छौं।" घुर्कौलीकै देवकुनदेवी महतोले चार हजार रुपियाँ प्रतिकट्ठाले ठेक्का लिएर १० कट्ठा जग्गामा मकै लगाए पनि लगातार हात्ती आएर खाइरहेकाले लगानीसमेत नउठ्ने चिन्ता परेको गुनासो गर्नुभयो। दुई साताभन्दा बढी समयदेखि जंगली हात्ती आएर जताततै क्षति गरिरहँदा यहाँका किसान खेतबारी तथा वनमा घाँस, दाउराका लागि जान सकेका छैनन्।

हरिपुर नगरपालिका-२, सखुवामौजाकी गीता मैनालीले १५ दिनदेखि देखा परेका जंगली हात्तीले गाउँका १० जनाभन्दा बढी किसानको मकै नष्ट पारिसकेको बताए। मैनालीले गुनासो पोख्दै भने, "एकातिर मकै खाएर सखाप छ, अर्कोतिर मकै बारीमा घाँस काट्न तथा जंगलमा घाँस, दाउरा जान नै डरमर्दो छ। वन कार्यालय वा निकुञ्ज कसले गर्ने हो, तुरुन्त हात्ती नियन्त्रण गरिदिनु पऱ्यो।" वनकर्मीले भने संरक्षित प्रजाति अन्तर्गत पर्ने हात्ती जैविक मार्गमा आफ्ना पुर्खाहरू हिँडेको बाटो हिँड्ने र ठुलो जनावर भएकाले यसलाई नियन्त्रण गर्न सम्भव नै नरहेको बताउने गरेका छन्। डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख सन्तोष झाले वन कार्यालयले हात्ती नियन्त्रणका लागि पहल नगरेको भन्ने गुनासो आए पनि ठुलो जनावरका रूपमा रहेको हात्तीलाई थुन्ने र डार्ट गरेर निकुञ्जसम्म लैजान असम्भव रहेको बताउनुभएको छ।

डिभिजन वन प्रमुख झाले हात्ती देखा परेको सूचना आएपछि कर्मचारी पठाएर जंगलतर्फ नै लखेट्न किसानलाई सहयोग गर्दै आइरहेको बताएको छ। प्रमुख झाले भने, "आफ्नो पुरानो बाटो हिँड्ने क्रममा आहार तथा पानीको खोजीमा हात्ती गाउँबस्ती र खेतबारीमा छिरेका हुन्। हात्तीलाई जिस्कायो वा ढुङ्गामुढा ग-यो भने अझ आक्रमक बन्न सक्छ त्यसैले हामी बुझ्ने प्राणीले हात्तीबाट आफैं सजग हुने हो।"

# बाँसको पुल तर्न २० रुपियाँ

**जीवछ यादव**



लहान, ९ बैशाख। सिरहा र धनुषा जिल्लाको सिमानामा रहेको कमला नदी हुलाकी सडक भएर आउने जाने प्रत्येक मोटरसाइकलाई बाँसको पुल तर्न २० रुपियाँ लाग्छ। मधेशको जीवनरेखा मानिएको हुलाकी सडकमा पर्ने कमला नदीमा चार सय ७० मिटर लामो र ११ मिटर चौडाई भएको कमला पुल उद्घाटन नहुँदै भासिएपछि वर्षातको समयमा कमला नदी ओहोरदोहोर गर्न निकै सास्ती खेप्दै आइरहेको सिरहा धनुषाका स्थानीयहरु बताउँछन्। ६ महिना अस्थायी बाँसको पुलमा २० रुपियाँको दरले तिरेर नदी तर्ने काम गर्छन् भने वर्षाको सयमा भासिएकै पुलमा बाँसको सिढी प्रयोग गर्दा साइकलवालाहरुले पचास तिरेर नदीको वारीपारी धनुषा र सिरहा आउजाउ गर्नुपर्ने बाध्यता छ।

सिरहा नगरपालिकाले पन्ध्र लाख ७५ हजारमा ६ महिनाको लागि असारसम्म अस्थायी बाँस र काठको पुल निर्माण गरेर २० रुपियाँको टिकट लिएपछि दिनभरि ओहोर दोहोर गर्न सकिने ठेकेदार बसन्त मुखियाले बताए। दिनको एक हजारसम्म मोटरसाइकल ओहोरदोहोर हुन्छ। अस्थायी बाँस र काठको पुल नहुँदा स्थानीयहरुले आफ्नो लगानीमा बनाएको पुलबाट ओहोरदोहोर गर्दा सय रुपियाँ तिर्नुपर्थ्यो। सिरहा नगरपालिकाले व्यवस्थापन गरेपछि अहिले २० रुपियाँमा ओहोरदोहोर भइरहेको छ।

एक महिनाअघि कमला नदीमा आएको बाढीले काठको पुल हल्लिन थालेको छ। अब कुनै दिन ठूलो बाढी आयो भने मोटरसाइकल पार हुने पुल बगाएर लैजाने अवस्थामा छ। पुल भासिएको चार वर्ष हुनै लाग्यो भासिएको पाया निर्माणको कार्य अघि नबढ्दा कहिलेसम्म रकम तिरेर कमला नदी पार गर्न जोखिमता खेप्दै जाने हो स्थानीय बद्री नारायण यादवले पीडा पोखे। उनका अनुसार मधेशको जीवनरेखा रहेको हुलाकी सडक निर्माणले ल्याएको खुसी पुल भासिएपछि निराशामा बदलिएको छ। प्रधानमन्त्री विभागीयमन्त्री मन्त्री, मधेश प्रदेश सरकारका मुख्यमन्त्रीले पुल मर्मत गर्ने प्रतिवद्धता गरेपनि कहिँबाट यसको सुरसार नहुँदा सुखा मौषम र वर्षाको मौषममा स्थानीय मल्लाह समुदाय र सिरहा नगरपालिकाको सहयोगमा वैकल्पिक उपाय प्रयोग गरेर मोटरसाइकल वारीपारी गर्ने काम भइरहेको छ जुन भरपर्दो र सुरक्षित छैन।

**पुल निर्माणको सुरुवात यसरी..**

चार सय ७० मिटर लामो ११ मिटर चौडाई साढे तीन वर्षभित्रै सम्पन्न गर्नेगरी २०६८ साल मङ्सिरमा २४ करोड ९१ लाखमा पप्पु विल्डर्स कन्स्ट्रक्शनले लिएको थियो। पटक पटक म्याद थप्दापनि पुल निर्माण कार्य अघि नबढ्दा २०७५ सालमा हुलाकी मार्ग निर्माणको लागि वरिष्ट लेखक रामरिभन यादवको नेतृत्वमा रिले अनसन गरेर दबाव सृजना गर्दा हुलाकी राजमार्ग निर्देशनालयले पप्पु कन्स्ट्रक्शनबाट ठेका तोडेर २०७६ असोज १ मा लुम्बिनी बिल्डर्स कन्ट्रकशनले सम्झौता गरेको थियो। २०७८ असार १३ गतेभित्र सम्पन्न गर्ने गरी भएको सम्झौता अनुसार काम तीव्र गतिमा अघि बढ्यो। काम सम्पन्न भएर उद्घाटन गर्न तयारी भइरहेको अवस्थामा २०७८ असार १७ गते आएको बाढीले पुलको पूर्वपटिको पाया भासिएको थियो। पश्चिमपटिको पायामा समेत असर परेको थियो। पुलको पुर्न निर्माणको लागि पत्रकार देव कुमार यादव र हुलाकी सडक निर्माण संघर्ष समितिका संयोजक रामरिभन यादवले स्थानीयहरुको सहयोगमा दवाव सृजना गरेपछि पुलको पुर्न निर्माणको लागि तत्कालिन प्रधानमन्त्री पुषकमल दाहाल प्रचण्ड, पूर्व उपप्रधान चथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायणकाजी श्रेष्ठ र पुर्व उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठले स्थलगत निरिक्षणपछि चाँडै पुलको पुर्ननिर्माण हुने अश्वासन दिएपनि काम सुरुवात नभएपछि स्थानीयहरु चिन्तित र आक्रोसित देखिएका छन्।

पुल सञ्चालनमा नआउँदा सिरहाका स्थानीयहरु मधेश प्रदेशको राजधानी जनकपुर आधा घण्टाको बाटो दुई घण्टा लगाएर घुमेर जानुपर्ने बाध्यता भएको छ। माटोको परीक्षण बेगर नै पुल निर्माण गरिएकोले भासिन गएको तथ्य बाहिर आएको छ।

## जलैबाला जलैत...

पनि श्रीमान् असल बनेर आयो भने विचार गर्न सक्ने ठाउँ छ।' समाजमा आफूजस्ता थुप्रै महिला थरीथरीका हिंसा सहन बाध्य भएको र कतिपयले जीवनबाट हार मान्ने गरेको उनले बताइन्। समस्यासँग हार मान्नु हुँदैन, निरन्तर संघर्ष गर्दै गएपछि दुःख पन्छिँदै जान्छ,' रेखाले आँट भरिएको स्वरमा भनिन्, काम कुनै सानो र ठूलो हुँदैन, घरमा गुम्सिएर बस्नुभन्दा मिहिनेत गरेर आफ्नै खुट्टामा उभिनसक्ने भएपछि कसैको अगाडि झुक्नुपर्दैन।'

पतिको घर छाडेर विद्रोह गरेकी रेखाले यतिबेला रिक्सावाली'को नयाँ नाम पाएकी छिन्। आफ्नै कमाइको बलले उनीमा आत्मविश्वास मात्रै थपिएको छैन, सोचजस्तो गर्न पनि पुगेको छ। उनले अनुहारमा खुसीको भाव ल्याउँदै सुनाइन्, खान, लाउन पुगेको छ। दुवै छोरालाई बोर्डिङ स्कुलमा पढाइरहेकी छु।'

## आमाले विष

६:४० बजेको समयमा घरमै आमाले तीन जना छोराछोरीलाई विष खुवाएर आफूले पनि आत्महत्याको उद्देश्यले विष खाएकी थिइन्। स्थानीयले तत्कालै उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरमा ल्याएपछि प्रहरीलाई खबर गरिएको थियो। उपचारको क्रममा तीनै जना बालबालिकाको मृत्यु भएको प्रहरी निरीक्षक यादवले बताए। उनका अनुसार गर्भवती रहेकी बविताको पेटमा रहेको ९ महिनाको बच्चालाई अप्रेसन गरी जीवितै उद्धार गरिएको छ। घरायसी विवादका कारणले उनले बच्चाहरुलाई विष खुवाइ आफूले पनि विष खाएको सोधपुछका क्रममा खुलेको प्रहरीको भनाइ छ। 'पहिले पनि दिनदिनै विवाद भइरहन्थ्यो भन्ने कुरा आएको छ। थप अनुसन्धान भइरहेको छ,' प्रहरी निरीक्षक यादवले भने।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)